सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

# मिनी कोल्ड स्टोर तथा सटरसहितको भवन सञ्चालन तथा व्यवस्थापनका लागि सिलबन्दी प्रस्ताव/दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२७**

सन्धिखर्क नगरपालिका वडा नं. १ मा निर्मित **मिनी कोल्ड स्टोर तथा सटरसहितको भवन** कृषि उपजको सङ्कलन, भण्डारण, बजारीकरण तथा बिक्री वितरणका लागि प्रचलित कानुन र **"सन्धिखर्क नगरपालिकाको कोल्ड स्टोर सञ्चालन कार्यविधि, २०८३"** बमोजिम सञ्चालन गर्नुपर्ने भएकाले इच्छुक योग्य संस्था, समूह, सहकारी, फर्म वा कम्पनीबाट रितपूर्वकको प्रस्ताव आह्वान गरिन्छ।

उपलब्ध सेवा तथा शर्तहरु:

१. नगरपालिकाले देहायको संरचना एकमुष्ट रूपमा सञ्चालन तथा व्यवस्थापनका लागि उपलब्ध गराईनेछः

- १२ वटा सटर;
- ४ वटा मिनी कोल्ड च्याम्बर;
- भूईंतल्लाको १ वटा बहुउद्देश्यीय हल सहित भवन अगाडिको खुला क्षेत्र ।

***प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरू:***

- आ.व. २०८३/८४ सम्म मान्य हुने फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- स्थायी लेखा नम्बर (PAN) र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- सञ्चालक/अधिकृत प्रतिनिधिको नागरिकताको प्रतिलिपि।
- कार्ययोजना, कबोल अङ्कसहितको आर्थिक प्रस्ताव र शर्त स्वीकार गरेको स्वघोषणा पत्र।
- (ऐच्छिक) कोल्ड स्टोर/कृषि उपज व्यवस्थापन सम्बन्धी अनुभवको प्रमाण।

२. **प्रस्ताव फारम खरिद तथा पेश गर्ने प्रक्रिया:**

- **फारम दस्तुरः** रु. १,०००/- (फिर्ता नहुने)।
- **बैंक खाता विवरणः** राष्ट्रिय वाणिज्य बैंक, सन्धिखर्क स्थित खाता नं. ३०५०१००३०१०१०००२।
- **फारम खरिद गर्ने अन्तिम मितिः** २०८३/०७/१० गते कार्यालय समयभित्र।
- **सिलबन्दि दरभाउपत्र बुझाउने अन्तिम मितिः** २०८३/०७/११ गते दिनको १२:०० बजेसम्म ।
- **सिलबन्दि दरभाउ पत्र खोल्ने मिति र समयः** दर्ता भएका प्रस्ताव/दरभाउपत्रहरु प्रस्तावदाताको प्रतिनिधीको रोहबरमा यसै कार्यालयमा मिति २०८३/०७/११ गते दिनको १:०० बजे खोलिनेछ ।प्रस्तावदाताको प्रतिनिधी उपस्थिति हुन नसकेमा पनि प्रस्ताव खोल्न बाधा पर्नेछैन ।

प्रमोद खनाल
प्रमुख प्रशासकीय अधिकृत

३. मुख्य शर्त तथा व्यवस्थाहरू:

१. **भाडादर:** सम्पूर्ण संरचनाको **न्यूनतम मासिक भाडा कर बाहेक रु. ४०,०००।-** (चालिस हजार रुपैया मात्र )तोकिएको छ । इच्छुक प्रस्तावदाताले सो रकमभन्दा कम नहुने गरी आफूले कबोल गर्न चाहेको **मासिक भाडा रकम स्पष्ट रूपमा अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ ।**

२. **भवन सञ्चालन तथा व्यवस्थापन:** प्रारम्भिक सम्झौता अवधि **३ (तीन) वर्ष** हुनेछ । सम्झौता अवधिभर कबोल गरिएको वार्षिक भाडा रकममा वृद्धि गरिने छैन। ३ वर्षको अवधि समाप्त भएपछि कम्तिमा १० प्रतिशत भाडा रकम वृद्धि गरी सम्झौताको म्याद थप गर्न सकिनेछ । यसरी म्याद थपहुने अवधिका शर्तहरु द्विपक्षीय सम्झौता बमोजिम गरिनेछ ।

३. **छनोटको आधार:** सबैभन्दा बढी वार्षिक भाडा कबोल गर्ने प्रस्तावदातालाई छनोट गरिनेछ। अङ्क बराबर भएमा अनुभव, कार्ययोजना वा गोलाप्रथाबाट निर्णय गरिनेछ।

४. **धरौटी रकम:** स्वीकृत प्रस्तावदाताले सम्झौता गर्नुअघि **वार्षिक भाडाको ५ प्रतिशत धरौटी** जम्मा गर्नुपर्नेछ।

५. **भाडा भुक्तानी:** कबोल भाडा रकम चौमासिक रूपमा (चौमासिक सकिएको १० दिनभित्र) दाखिला गर्नुपर्नेछ तर आर्थिक वर्ष भित्रको भाडा रकम सोही आर्थिक वर्षको अन्तिम महिनामा दाखिला गर्नुपर्नेछ ।

६. **सञ्चालन खर्च:** विद्युत्, पानी, सरसफाइ, सञ्चार, कर्मचारी तथा मर्मतसम्भार खर्च सञ्चालक स्वयंले व्यहोर्नुपर्नेछ।

७. **स्थानीय कृषकलाई प्राथमिकता:** अर्घाखाँची जिल्लाका कृषकको कृषि उपज तोकिएको भाडा दरमा अनिवार्य भण्डारण गरिदिनुपर्नेछ।

८. कोल्ड स्टोर तथा भवन सञ्चालन सँग सम्बन्धित विद्युत्, पानी, सरसफाइ, सञ्चार, कर्मचारी/कामदार, नियमित सञ्चालन, मर्मत–सम्भार तथा अन्य उपभोग जन्य खर्च प्रस्तावदाताले स्वयं व्यहोर्नुपर्नेछ । भवन तथा कोल्ड स्टोरमा कृषि तथा पशुजन्य उत्पादनको संकलन, भण्डारण तथा बिक्री वितरण मात्र गर्नुपर्नेछ

९. **बीमा र क्षतिपूर्ति:** भण्डारण गरिएको कृषि उपजको १००% बीमा शुल्क सञ्चालकले व्यहोर्नुपर्नेछ। कुनै हानि-नोक्सानी भएमा बीमाले नव्यहोरेको रकम सञ्चालकले क्षतिपूर्ति दिनुपर्नेछ र **भवन तथा कोल्ड च्यामबरको बीमा नगरपालिकाले गर्नेछ ।**

१०. कोल्डस्टोरेजको सम्पूर्ण प्राविधिक, आर्थिक तथा प्रशासनिक पक्ष स्वयं संचालकले व्यवस्थापन गर्नु पर्नेछ ।

११. अन्य शर्तहरू स्वीकृत कार्यविधि तथा सम्झौता–पत्रमा उल्लेख भएबमोजिम हुनेछन्।

*(थप जानकारीका लागि सन्धिखर्क नगरपालिकाको कृषि विकास शाखा, सम्पर्क नं. ९८५११५२७५४ - राम बहादुर थापा, कृषि विकास अधिकृतसँग सम्पर्क गर्न सकिनेछ।)*

प्रमोद खनाल
**प्रमुख प्रशासकीय अधिकृत**
सन्धिखर्क नगरपालिका
अर्घाखाँची